# Sagarmatha Declaration on Climate Change

Kalapathar, Mt. Everest Base Camp, 5542 meters, Nepal

The world's tallest peak Sagarmatha (Mt. Everest) and the world's beautiful mountain ranges that span to both East and West of Sagarmatha have had a positive and extraordinary contribution in the civilization, economic-social-cultural prosperity of the 1 billion and 300 million people, and natural heritage as well as tourism development and other various areas.

In recent times, the world's climate change has affected various areas, such as human life, social and economic development, bio diversity, tourism development, including he Himalayas. As a result, the risk of heavy precipitation, or very light precipitation, floods, landslides, glacial landslides, drought has increased. This has had negative impact not only on the land masses in the vicinity of the Himalayas but also on South Asia as well as the environmental balance the entire world.

The world is our common home. Acknowledging that as much as the world as our common home is important to us, it is also important to our future generations, we have been expressing bilateral and multi-lateral commitments on sustainable development and environmental preservations since several decades. Through the Sagarmatha Declaration, we would like to highlight our collective commitment on climate change and areas of mutual cooperation. For the entire humanity to move ahead in the preservation of world heritage, bio diversity, sustainable economic-social-cultural development, tourism development, as well as to help preserve mountain ranges, including Sagarmatha, the Government of Nepal thus makes this Declaration:

1. We express commitment to work together with the South Asian nations as well as other nations in order to protect the Himalayas and that mountain ecosystem that are at risk because of climate change and to draw the attention of the world community to this issue.

2. To launch mass awareness campaigns, at the local as well as the national level, on studies of the potential impact and ways of mitigation about the adverse situations created by climate change in the Himalayan ranges and the affected areas, on the local livelihood and subsistence, specially among the poor, marginalized groups, indigenous people, dalits, women, and children.

3. To address the negative impact of climate change in advance and to foster social resilience in agriculture and other areas, adopt early warning system, develop a blueprint on climate change, and enhance the needed skills in this area.

4. In course of preserving the mountain ecosystem, expand the currently preserved 20 percent area of Nepal to 25 percent in the country and consolidate the forest area to 40 percent. To explicate our commitment, declare Gaurishakar and Apinapa regions as conservation areas.

5. Obtain support of the world community to effectively implement projects in accordance with Nepal’s needs, in order to address the adverse impact of climate change on Nepal’s social-economic sector, specially water-resources, agriculture, bio-diversity, forests, human life, and health. Also endorse the proposal requiring developed nations to contribute at least 1.5 percent of their GDP to the Climate Change Fund.

6. With the confidence that by developing clean energy, we can reduce carbon emission in the region, draw attention of developed and neighboring countries for the appropriate, modern technology, its easily accessible transfer and investment.

7. Take the initiative to amend the Clean Development Mechanism (CDM) in order to make it more accessible and beneficial to poor nations and for Nepal to fully benefit from it.

8. To prevent perilous situations due to human-induced climate change, call for maintaining the level of greenhouse gases in the atmosphere below 350 PPM (Parts Per Million) and the average temperature of the planet at the level that existed in the pre-industrial world, not more than 1.5 degree centigrade.

9. Given that very limited research has been carried out concerning the impact of climate change on the process of snow and glacial melt in the Himalayan region, take the initiative to meet knowledge needs in this respect.

10. Call to reduce emissions of greenhouse gases in order to mitigate the serious impact of greenhouse gases and other activities on mountain ecosystem and the Himalayas. In addition, draw attention of everyone to obtain compensation from the countries emitting greenhouse gases, and relief for poor nations and people adversely affected by such gases.

*4 December, 2009*

## जलवायु परिवर्तन सम्बन्धमा गरिएको सगरमाथा घोषणा

(सगरमाथा आधार शिविर, कालापत्थर, ५५४२ मिटर, नेपाल)

विश्व पर्यावरणीय सन्तुलनमा विशिष्ट योगदान राख्ने संसारको सर्वोच्च शिखर सगरमाथा (Mt. Everest) र सगरमाथा देखि पूर्व पश्चिम फैलिएको लामो र संसारकै सुन्दर अग्ला पर्वतमाला रहेको हिमालय क्षेत्रको करिब १ अर्ब ३० करोड मानवजातिको सभ्यता, उनीहरुको आर्थिक-सामाजिक-सांस्कृतिक उन्नति, प्राकृतिक सम्पदा एवं पर्यटकीय विकास लगायत विभिन्न क्षेत्रमा सकारात्मक र विशिष्ट योगदान छ ।

हालका दिनहरुमा विश्व जलवायु परिवर्तनले हिमालय लगायत मानव जीवन,सामाजिक-आर्थिक विकास, जैविक विविधता, पर्यटकीय विकास आदि क्षेत्रहरुमा नकारात्मक असर पुऱ्याउन थालेको छ । फलस्वरुप अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा जस्ता प्राकृतिक विपद्हरुको जोखिम समेत बढिरहेको छ । हिमालय क्षेत्र नजिकका भू-भागमा मात्र होइन, यसको नकारात्मक प्रभाव दक्षिण एशिया र सम्पूर्ण विश्वको वातावरणीय सन्तुलनमा समेत पर्न गएको छ । जलवायु परिवर्तन र यसको प्रभावका कारण २१ औं शताब्दीमा मानवसध्यता र राष्ट्रहरुको अस्तित्व सामु थप चुनौतिहरु थपिएका छन् ।

पृथ्वी हाम्रो सझा घर हो । साझा घर पृथ्वीको संरक्षण हामीहरुको लागि जति आवश्यक छ त्यति नै हाम्रा सन्ततिहरुको भविष्यका लागि पनि आवश्यक छ भन्ने मान्यतालाई आत्मसात् गर्दै हामीले दिगो विकास र वातावरण संरक्षणमा दशकौं अगाडिदेखि नै द्विपक्षीय एवं बहुपक्षीय प्रतिबद्धताहरु व्यक्त गर्दै आइरहेका छौं । सगरमाथा घोषणा मार्फत् हामी जलवायु परिवर्तनप्रति हाम्रो सामूहिक प्रतिबद्धता र आपसी सहयोगका क्षेत्र उजागर गर्न चाहन्छौं । समग्र मानवजाति, विश्वसम्पदाको संरक्षण, जैविक विविधताको संरक्षण, दीगो आर्थिक-सामाजिक-सांस्कृतिक विकास, पर्यटकीय विकास समेतका क्षेत्रहरुमा अगाडि बढ्न र जलवायु परिवर्तन एवं यसबाट पर्ने नकारात्मक प्रभावहरुबाट सगरमाथा लगायत हिमश्रृङ्खलाको संरक्षण गर्न नेपाल सरकार निम्नलिखित घोषणा गर्दछ :

१) जलवायु परिवर्तनको दृष्टिले जोखिममा रहेका हिमालय र पर्वतीय पर्यावरणीय प्रणालीलाई जोगाउन तथा विश्व समुदायको ध्यान आकर्षण गराउन दक्षिण एशियाली मुलुकहरु लगायत सबै पक्ष राष्ट्रहरुसंग सहकार्य गर्ने प्रतिबद्धता गर्दछ ।

२) जलवायू परिर्वतनले हिमालय पर्वतमाला एवं प्रभावित क्षेत्रमा उत्पन्न गरेको विषम परिस्थितिबाट स्थानिय जनजीविका एवं जीवननिर्वाह प्रणाली खासगरी गरीव, सीमान्तकृत समुह, आदिवासी, दलित, महिला तथा बालबालिकामा पर्नसक्ने असरको अध्ययन एवं न्यूनीकरणका उपायहरु बारे स्थानिय एवं राष्ट्रियस्तरमा जनचेतना अभियान सञ्चालन गर्ने ।

३) जलवायू परिर्वतनको नकारात्मक असरको समयमै उचित सम्बोधन गर्न तथा कृषि र अन्य क्षेत्रमा सामयिक अनुकुलन (Resilience) अभिबृद्धि गर्न पूर्व सुचनाप्रणाली, जलवायू परिवर्तनका प्रारुपहरुको विकास एवं क्षमता अभिवृद्धिका उपायहरु अवलम्वन गर्ने ।

४) पर्वतीय पर्यावरणलाई संरक्षण गर्ने क्रममा संरक्षित क्षेत्रको विस्तार गरी नेपालको हालको २० प्रतिशत संरक्षित भु-भागलाई २५ प्रतिशतमा पुऱ्याउने र वन क्षेत्र ४० प्रतिशतलाई सुदुढ बनाउने । हाम्रो प्रतिबद्धतालाई प्रष्ट पार्न गौरीशङ्कर र अपि-नप्पा संरक्षित क्षेत्र घोषणा गर्ने ।

५) जलवायू परिवर्तनबाट नेपालको सामाजिक-आर्थिक क्षेत्र खासगरी जलस्रोत, कृषि, जैविक विविधता, वन, मानव जीवन, मानव स्वास्थ्यमा पर्नजाने प्रतिकूल प्रभावलाई सम्बोधन गर्न नेपालको राष्ट्रिय अनुकूल कार्य-योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विश्वसमुदायको सहयोग प्राप्त गर्ने । साथै विकसित मुलुकले कुल ग्राहस्थ उत्पादनको कम्तीमा १.५ प्रतिशत जलवायु अनुकुल कोषमा योगदान गर्ने प्रस्तावको समर्थन गर्ने ।

६) नेपालले स्वच्छ ऊर्जा क्षेत्रको विकासबाट यस क्षेत्रकै कार्वन उत्सर्जन कम गर्न सकिने विश्वास राख्दै यसको लागि उपयुक्त र आधुनिक प्रविधिको विकास एवं सुलभ हस्तान्तर तथा लगानीका लागि विकसित र छिमेकी राष्ट्रहरुको ध्यानाकर्षण गर्ने ।

७) स्वच्छ विकास संयन्त्र (CDM) मा रहेको कोषबाट नेपालले पूर्णलाभ लिनका लागि यस संयन्त्रले सहयोग गर्न बनाएका प्रावधानहरु परिमार्जित गरी गरीव मुलुकहरुका लागि अझ बढी सुलभ र लाभदायी बनाउन पहल गर्ने ।

८) मानव क्रियाकलापबाट जलवायू परिवर्तन सम्बन्धी भयावह स्थिति सृजना हुन नदिन वायूमण्डलमा हरितगृह ग्यांसको मात्रा ३५० PPM (पार्टस् पर मिलियन) भन्दा घटी हुनुपर्ने तथा पृश्वीको सतहको औसत तापक्रम औद्योगिकरण थालनी पूर्वको तह (Pre-industrial level) भन्दा १.५ डिग्री सेन्टिग्रेड भन्दा बढी नगर्न आव्हान गर्ने ।

९) हिमगलन (Snow and Glacier melt) को प्रक्रियामा हिमाली क्षेत्रमा जलवायू परिवर्तनको असरबारे धेरै कम अध्ययन अनुसन्धान भएकाले तत्सम्बन्धी ज्ञानको कमी पूरा गर्न पहल गर्ने ।

१०) हरितगृह ग्याँस लगायत अन्य क्रियाकलापबाट पर्वतिय पर्यावरण र हिमालयमा पर्ने गम्भीर असर न्यून गर्न, हरितगृह ग्याँस उत्सर्जनको मात्रा कम गर्न आहवान गर्ने । साथै हरितगृह ग्याँस उत्सर्जन गर्ने राष्ट्रलाई क्षतिपूर्ति दिन लगाई त्यस्तो ग्याँसको नकारात्मक प्रभावमा रहेका गरीव देश एवं जनतालाई राहत पुऱ्याउन सबैको ध्यानाकर्षण गर्ने ।

मितिः २०६६ साल मंसिर १९ गते ।